# आमाछोदिङमो गाँउपालिकाको आर्थिक वर्ष २०७९।८० को बार्षिक बजेट

# वक्तव्य

## २०७९

आमाछोदिङमो गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गोल्जुङबेसी, रसुवा

CS CamScanner

# आमाछोदिङमो गाँउपालिकाको आर्थिक वर्ष २०७९।८० को बार्षिक बजेट

**सभाध्यक्ष महोदय**

**गाँउसभाका सदस्य ज्यूहरु**

**एवम् सम्पूर्ण आमन्त्रित महानुभावहरु**

१. आमाछोदिङमो गाँउपालिकाको बार्हौं गाँउ सभामा गाउँपालिका उपाध्यक्षको रुपमा आर्थिक वर्ष २०७९।८० को बजेट प्रस्तुत गर्न यहाँहरु माझ उभिएको छु। यस घडीमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको लागि विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु।

२. बजेट तर्जुमा गर्दा मैले मुलतः सभाअध्यक्ष ज्यूले पेश गर्नु भएको नीति तथा कार्यक्रम, राजश्व परामर्श समितिको सुझाव, बजेट स्रोत आँकलन तथा सीमा निर्धारण समितिले दिएको सिलिङ, वडा कार्यालयहरुबाट प्राप्त सुझाव, विनियोजन विधेयक २०७९ को सिद्धान्त र प्राथमिकता, पन्ध्रौं योजना दीगो विकास लक्ष्य र विभिन्न संघ संस्था र विद्वतवर्ग लगाएत सबैबाट प्राप्त सुझावलाई समेत ध्यानमा दिएको छु।

**सभाध्यक्ष महोदय**

**अब म चालु आर्थिक बर्षको आर्थिक गतिविधिको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**गत आर्थिक वर्षको यथार्थ आयको विवरण र चालु आर्थिक वर्षको संशोधित अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

३. संघीय सरकार तथा प्रदेश सरकाबाट प्राप्त हुने राजस्व बाँडफाँड गत आर्थिक बर्षमा करीब ७२.३८ % र चालु आर्थिक बर्षको जेठ मसान्त सम्म करीब ७७.९७ % मात्र प्राप्त भएको सभा समक्ष जानकारी गराउदछु ।यसले राजस्व बाँडफाँडबाट सञ्चालन हुने कार्यक्रमहरु समेत प्रभावित हुने जोखिममा हामी रहेको व्यहोरा अवगत गराउन चाहन्छु।

४. गत आर्थिक बर्षको यथार्थ आय **उनन्तिस करोड चौवन्न लाख उनानब्बे हजार तीन सय बयालिस रुपैयाँ** रहेको छ।

५. चालु आर्थिक वर्षको हाल सम्मको आय **छब्बिस करोड चार लाख एकचालिस हजार चार सय छब्बिस रुपैयाँ** रहेको छ।

**अब म चालु आर्थिक बर्षको आर्थिक गतिविधि, उपलब्धीको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

६. चालू आर्थिक वर्षको हाल सम्ममा कुल आन्तरिक आय तर्फको राजस्व रु ७०१२००।- सात लाख एक हजार दुई सय रुपैयाँ प्राप्त भएको छ।

७. गाउँपालिकाको लेखा प्रणाली अनलाई मार्फत व्यवस्थित गरीएको छ।

८. प्रस्ताव गरिएका अधिकांश योजनाहरुको कार्य सम्पन्न भएको छ भने केहि कार्यक्रमहरु सम्पन्न हुने चरणमा छन्

CamScanner

९. चालु आव मा गतलाङ बुद्धपार्क निर्माण, रोङगा गोल्जुङवेसी सडक, गोल्जुङ खानेपानी आयोजनाहरुको ठेक्का प्रक्रिया मार्फत योजना सम्झौता भई निर्माण कार्य अघि बढि रहेको छ।

१०.गाउँपालिकामा स्वास्थ्य प्रयोगशाला सञ्चालनमा आएको छ।

११. गाउँपालिका भित्रका सडकहरुको स्तरोनन्तीका कार्य अघि बढि रहेका छन्।

१२. माध्यमिक तहका सबै र ३ वटा आधारभुत सामुदायिक विद्यालयहरुमा CC Camera जडानको कार्य सम्पन्न भई प्रविधिको प्रयोग गरी निरीक्षण तथा सुपरीवेक्षण हुन थालेको छ।

**सभाध्यक्ष महोदय**

अब म आगामी आर्थिक वर्ष २०७९।८० को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**बजेटका उद्देश्यहरु निम्नानुसारका छन्।**

क. उपलब्ध साधन र स्रोत अवसर र क्षमताको उच्चतम परिचालन गरी विकासको गतिलाई निरन्तरता दिने

ख. आर्थिक विकास, सामाजिक विकास, भौतिक पुर्वाधार विकास र संस्थागत सुशासनका कार्यक्रमहरु मार्फत समृद्ध र सवल गाँउपालिका निर्माणमा सहयोग पुऱ्याउने।

ग. गुरुयोजना तयार गरी योजना तथा कार्यक्रमहरु छनौट गरी दीगो विकासलाई टेवा पुऱ्याउने।

१३. बजेटका उद्देश्यहरु हासिल गर्न मैले देहाय अनुसार क्षेत्रगत प्राथमिकता निर्धारण गरेको छु।

क. आर्थिक विकासका क्षेत्रहरु कृषि, पर्यटन र उद्योग

ख. सामाजिक विकासका क्षेत्रहरु शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

ग. पुर्वाधार विकासका क्षेत्रहरु सडक, खानेपानी, खेलमैदान तथा भवन

घ. वन, वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रहरुः वन तथा भू संरक्षण, जल उत्पन्न प्रकोप र विपद् व्यवस्थापन

ङ. सुशासन तथा संस्थागत विकासका क्षेत्रहरुः संस्थागत क्षमता विकास, राजस्व परिचालन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सेवा प्रवाहमा विद्युतिय सूचना प्रविधिको प्रयोग

**सभाध्यक्ष एवम् सभाका सदस्य ज्यूहरु**

अब म आगामी आर्थिक वर्षको अनुमानित आयको विवरण पेश गर्ने अनुमति चाहन्छु।

१४. आगामी आर्थिक वर्षमा यस गाँउपालिकाको लागि संघीय सरकार प्रदेश सरकारबाट वित्तिय समानिकरण, समपुरक र विशेष सशर्त अनुदान, राजस्व बाँडफाँड र गाँउपालिकाको आन्तरिक आम्दानि समेत गरि कुल अनुमानित आय **तेत्तीस करोड उन्नाइस लाख अठ्ठाइस हजार** रुपैया (३३,१९,२८,०००) रहेको छ।

| क्र.सं. | शीर्षक | अनुमानित रकम अङ्कमा | अनुमानित रकम अक्षरमा |
|---|---|---|---|
| नेपाल सरकार | संघीय सशर्त चालु | ८४१०००००।- | आठ करोड एकचालिस लाख रुपैयाँ |
| | संघीय समानिकरण | ७२९०००००।- | सातकरोड उनन्तिस लाख रुपैयाँ |
| | संघीय सशर्त पुजीगत | ९६०००००।- | छयानब्बे लाख रुपैयाँ |
| | संघीय समपुरक अनुदान | १०००००००।- | एक करोड रुपैयाँ |
| | संघीय विशेष अनुदान | ४२०००००।- | बयालिस लाख रुपैयाँ |
| | संघीय राजस्व बाँडफाँड | ५३५९८०००।- | पाँचकरोड पैंतिस लाख अन्ठानब्बे हजार रुपैयाँ |
| वागमति प्रदेश सरकार | प्रदेश सशर्त | १९०७६०००।- | एक करोड नब्बे लाख छयहत्तर हजार रुपैयाँ |
| | प्रदेश समानिकरण अनुदान | ५६७९०००।- | छपन्न लाख उनान्असी हजार रुपैयाँ |
| | प्रदेश राजस्व बाँडफाँड | १२११५०००।- | एक करोड एक्काइस लाख पन्ध्र हजार रुपैयाँ |
| | प्रदेश समपुरक अनुदान | ७५०००००।- | पचहत्तर लाख रुपैयाँ |
| गाउँपालिका आन्तरिक | गाँउपालिका आन्तरिक आय | २८०००००।- | अठ्ठाइस लाख रुपैयाँ |
| | अल्या | १५४०००००।- | एक करोड चवन्न लाख रुपैयाँ |
| संघीय सरकार | सामाजिक सुरक्षा भत्ता | ३५००००००।- | तीन करोड पचास लाख रुपैयाँ |
| जम्मा | | ३३१९२८०००।- | तेत्तिस करोड उन्नाइस लाख अठ्ठाइस हजार रुपैयाँ |

१५. अब म माथिका क्षेत्रगत प्राथमिकताका आधारमा गाँउस्तर र विषयगत शाखाहरुबाट छनौट भई आएका कार्यक्रमहरुमा विनियोजन भएको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१६. आर्थिक विकास बिना दिगो विकास सम्भव नभएकोले कृषि पशु पर्यटनका क्षेत्रमा प्राथमिकताका साथ बजेट विनियोजन गरेको छु। यस गाँउपालिकाको आर्थिक विकासको मुख्य क्षेत्र कृषि तथा पशु सम्बन्धी क्षेत्रमा ८५०००००।– पचासी लाख रुपैयाँ विनियोजन गरेको छु।

१७. कृषि विकास कार्यक्रम अन्तर्गत उन्नत जातका विउ विजन, मौसमि तरकारी,पकेट क्षेत्र निर्माण र रैथाने बालि संरक्षणका कार्यक्रमलाई प्रमुख प्राथमिकतामा राखेको छ ।

१८. शिक्षा युवा तथा खेलकुद शाखाको लागि **छ करोड बाइस लाख रुपैयाँ** विनियोजन गरेको छ ।

१९. स्वास्थ्य शाखाको लागि तीन करोड तेत्तिस लाख रुपैयाँ विनियोजन गरेको छ ।

२०. कृषि तथा पशु सेवा शाखाको लागि रु पचासी लाख रुपैयाँ विनियोजन गरेको छ ।

२१. सामुदायिक विद्यालयहरुलाई प्रविधि मैत्री बनाउनको लागि **बिस लाख रुपैयाँ** ( रु२०,००,०००।-) विनियोजन गरेको छ ।

२२.दरबन्दी कम भएका विद्यालयहरुमा शिक्षकको व्यवस्था गर्नको लागि **छत्तिस लाख पन्ध्र हजार रुपैयाँ** रु ३६,१५,०००।- विनियोजन गरेको छ ।

२३. प्रदेश सरकारको शसर्त कार्यक्रम अन्तर्गत **थाम्बुचेत आराम्राङ गतलाङ** सडक निर्माणको लागि **पचास लाख रुपैयाँ** विनियोजन गरेको छ ।

२४.प्रदेश शसर्त कार्यक्रम अन्तरगत सडक विस्तारको लागि **ग्रे नेसिङ सडकमा पचास लाख रुपैयाँ** विनियोजन गरेको छ

२५. खानेपानी तथा सरसफाई कार्यक्रमको लागि एक करोड सन्ताउन्न लाख रुपैयाँ (१५७०००००।-) विनियोजन गरेको छ ।

२६. गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीको तलब संघीय र प्रदेश सरकारले बढाए बमोजिम १५% का दरले वृद्धि गरेको छ ।

२७.महिला स्वास्थ्य स्वयम् सेविकाहरुको लागि तालिम, प्रोत्साहन भत्ता तथा अन्य सुविधाको लागि **एघार लाख रुपैयाँ** (रु११०००००।-) विनियोजन गरेको छ ।

२८. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण आयोजनाको तथा पञ्जीकरण शाखाको लागि **अठ्ठाइस लाख रुपैयाँ** (२८०००००।- ) विनियोजन गरेको छ ।

२९. महिला बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि आय आर्जन तथा सामाजिक समावेशीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न **दश लाख रुपैयाँ** (रु १०,००,०००।-) विनियोजन गरेको छ ।

३०.गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका लागि **उन्नतिस लाख रुपैयाँ** (रु २९०००००) विनियोजन गरेको छ ।

३१. धार्मिक साँस्कृतिक तथा पर्यटकीय क्षेत्रको लागि रु **पचहत्तर लाख रुपैयाँ** (रु ७५०००००।-) विनियोजन गरेको छ ।

३२. सीप मुलक तालिम मार्फत महिला सशक्तीकरण, युवा रोजगारी सृजना गर्न **दश लाख रुपैयाँ** (रु १००००००) विनियोजन गरेको छ ।

३३. वडाहरुमा विकास निर्माण तथा अत्यावश्यक सेवा तथा कार्यक्रम सञ्चालनको लागि कुल एक करोड उनान्सय लाख सत्तरी हजार रुपैयाँ विनियोजन गरेको छ ।

३४. सबै किसिमका सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत वितरण गर्ने प्रबन्ध मिलाएको छ । सामाजिक सुरक्षा भत्ता वितरणको लागि **तीन करोड पचास लाख रुपैयाँ** (३५००००००।-) विनियोजन गरेको छ ।

CamScanner

गाँउ सभाका अध्यक्ष तथा सदस्य ज्युहरु,

अब म पूर्वाधारका क्षेत्रमा विनियोजन गरेको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु,

३५. गतलाङ बुद्धपार्क निर्माणको ठेक्का प्रक्रिया चलिरहेको जानकारी गराउँदै यस आर्थिक वर्षमा समपुरक कोष अन्तरगत संघीय समपुरक र गाँउँपालिकाको समपुरक गरी कुल दुई करोड रुपैयाँ ( रु.२००००००००।) विनियोजन गरेको छु ।

३६. ग्रे हाकु सडक निर्माणको लागि समपुरक कोष अन्तरगत प्रदेश समपुरक र गाउँपालिका समपुरक कोषबाट एक करोड पच्चिस लाख रुपैयाँ (१२५०००००।-) विनियोजन गरेको छु ।

३७. ग्रामिण कृषि सडकहरुको नयाँ ट्रयाक खोल्न तथा सडक स्तरोन्नतीका लागि तीन करोड तीस लाख रुपैयाँ (३३००००००।-) विनियोजन गरेको छु ।

३८. संस्थागत क्षमता विकास तथा सेवा प्रवाह र सुशासनको लागि पन्ध्र लाख रुपैयाँ (रु१५०००००।-) विनियोजन गरेको छु ।

३९. आगामी आर्थिक वर्षदेखि गाउँपालिकामा कार्य गर्ने कर्मचारीहरुको हितका लागि प्रोत्साहन स्वरुप खाजा खर्चको व्यवस्था गरेको छु ।

४०. बजेट विनियोजनको विस्तृत विवरण, आय व्ययको विवरण तथा विषयगत शाखाका सम्पूर्ण कार्यक्रमहरु अनुसूचीमा उल्लेख गरेको छु ।

विनियोजन गरिएको बजेटको प्रभावकारी कार्यान्वयनका लागि आगामी आर्थिक वर्षको श्रावण महिना भित्र कार्यान्वयन योजना निर्माण गरी योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गरिनेछ । अन्त्यमा गाँउपालिकाको बजेट निर्माणमा सहयोग पुऱ्याउनु हुने जनप्रतिनिधि साथीहरु, राष्ट्रसेवक कर्मचारी, राजनितिक दलका प्रतिनिधि, नागरिक समाज, बुद्धिजिवी, सञ्चारकर्मी तथा सम्पुर्ण गाँउवासीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद !**

CamScanner